# पूर्वाञ्चल विश्वविद्यालय
## विज्ञान तथा प्रविधि संकाय
बिराटनगर, मोरङ्ग

**स्नातक तह B.V.Sc. & A. H शैक्षिक कार्यक्रमको**

**छात्रवृत्ति तथा प्रवेश परीक्षाको अनलाईन (ONLINE) आवेदन फाराम भर्ने सम्बन्धी सूचना :**

**मितिः २०८२/०६/२९ गते बुधवार**

पूर्वाञ्चल विश्वविद्यालय, विज्ञान तथा प्रविधि संकाय अन्तर्गत आंगिक एवं सम्बन्धन प्राप्त स्कूल /क्याम्पस/कलेजहरुमा सञ्चालित स्नातक तहका B.V.Sc. & A. H. शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ (सन् २०२५) का लागि संकाय डीनद्धारा लिइने प्रवेश परीक्षाको लागि अनलाईन (ONLINE) आवेदन आह्वान गरिएको छ । विश्वविद्यालयद्वारा तोकिएको न्यूनतम् शैक्षिक योग्यता हासिल गरेका इच्छुक विद्यार्थीहरुले आफूले अध्ययन गर्न चाहेको शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौट गरी ONLINE फारामको विवरण भरी सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरु र पासपोर्ट साइजको फोटोको Scan Copy समेत Attach गरी तोकिएको दस्तुर सहित सम्बन्धित संकायमा **Online Payment** मार्फत् आवेदन फाराम भर्ने व्यवस्था मिलाइएको ब्यवहोरा सम्बन्धित सबैका लागि यसै सूचना मार्फज जानकारी गाराईन्छ ।

**तपसिल**

१.**ONLINE आवेदनका लागि Website:-** https://pufost.edu.np OR https://entrance.pufost.edu.np OR https://entrance.puexam.edu.np

२. आवेदन फाराम शुल्क (सेवा शुल्क वाहेक): रु.१,५००।०० (एक हजार पाँच सय मात्र)

४. **आवेदन फाराम भर्ने सम्बन्धी अन्य व्यवस्था :-**

(क) इच्छुक आवेदक परीक्षार्थीहरूले भर्ना हुन चाहेको स्कूल/क्याम्पस/कलेजहरु छनौट गरी ONLINE मार्फत् प्रवेश परीक्षा फाराम **तोकिएको दस्तुरमा मिति २०८२/०७/०९ गते आइतवार सम्म र दोब्बर दस्तुर तिरी मिति २०८२/०७/१२** गते बुधवार सम्म आवश्यक कागजातहरुको सक्कल प्रति Scanned Copy Attach गरी JPEG / JPG / PNG Format मा Upload गर्नु पर्नेछ ।

(ख) स्कूल /क्याम्पस/कलेजहरूले ONLINE मार्फत् आवेदन गरेका विद्यार्थीहरूको आवश्यक कागजात र परीक्षा आवेदन शुल्क अनिवार्यरुपमा तोकिएको समयभित्र ONLINE रुजु (Verify) गर्नु पर्नेछ ।

(ग) नियमानुसार तोकिएको शुल्क तथा आवश्यक कागजातहरु UPLOAD नगर्ने विद्यार्थीहरुको फाराम स्वीकृत हुने छैन ।

(घ) रीत नपुगी आएका आवेदन फाराम तथा तोकिएका कागजात पूरा नभएका परीक्षार्थीहरुको फारम रद्द भएमा सोको जिम्मेवार सम्बन्धित परीक्षार्थी नै हुनेछ ।

५. **प्रवेश परीक्षा मिति र समय :-**

(क) प्रवेश परीक्षा हुने मितिः २०८२/०७/१५ गते शनिवार

(ख) समयः बिहान ११:०० बजे देखि ०१:०० बजे सम्म ( २ घण्टा )

६. पू.वि प्रवेश परीक्षा, छात्रवृति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकिकृत कार्यविधि २०८२ बमोजिम विश्वविद्यालयबाट १० प्रतिशत (५ प्रतिशत जेहेन्दार र ५ प्रतिशत आरक्षित) छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको तथा आरक्षित छात्रवृत्तिका लागि आवेदन गर्न निम्न अनुसारको व्यवस्था रहेको छ । आरक्षित समूहमा आवेदन फाराम भर्ने विद्यार्थीहरुले आफूले भर्न चाहेको आरक्षित समूहमा अनिवार्य रुपले (v ) चिन्ह लगाउनु पर्नेछ । साथै, छात्रवृत्ति सम्बन्धी विनियमावली २०८२ मा उल्लेख भए बमोजिमका आवश्यक सम्पूर्ण सक्कल कागजातहरुको Scanned copy Attach गरी अनिवार्य रुपले JPEG/JPG/PNG Format मा Upload गर्नु पर्नेछ ।

७. विश्वविद्यालयद्वारा सम्बन्धित संकाय अन्तर्गतका शैक्षिक कार्यक्रममा भर्नाका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता सम्बन्धी विस्तृत जानकारी माथि उल्लेखित website बाटै प्राप्त गर्न सकिनेछ ।

८. **परीक्षा केन्द्र :-**

(क) एन. पि. आई. कलेज भरतपुर चितवन केन्द्र: एन. पि. आई. कलेज भरतपुरका परीक्षार्थीहरु

(ख) हिकाष्ट कलेज काठमाण्डौं केन्द्र : आर्यन स्कुल अफ इन्जियिनरींग एण्ड म्यानेजमेन्ट कलेज, बानेश्वर, काठमाण्डौ ।

९. ONLINE फाराम भर्ने सम्बन्धी थप जानकारी आवश्यक भएमा पूर्वाञ्चल विश्वविद्यालय प्रवेश परीक्षा समितिको कार्यालयमा सर्म्पक राख्न सकिनेछ ।

१० प्रवेश परीक्षाका लागि तोकिएको शुल्क तथा भुक्तानी अनलाइन मार्फत मात्र गर्नु पर्ने छ , अन्य किसीमले गरेको भुक्तानी मान्य हुने छैन ।

११. नेपाल बाहेक अन्य मुलुकबाट हाासिल गरेको शैक्षिक योग्यताको हकमा सम्बन्धित निकाय/संस्थाबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको ( Equivalent Certificate Scan Copy) अनिवार्य पेश गर्नु पर्ने छ ।

१२. थप जानकारीका लागि संकायको वेवसाइट : https://pufost.edu.np वा कार्यालयको सम्पर्क नम्वर ९७७-२१-४६६५८८, ०२१-४६४७०७ मा सम्पर्क गर्न सकिन्छ ।

१३ विज्ञान तथा प्रविधि संकाय अन्तर्गतका आंगिक एवं सम्बन्धन् प्राप्त शैक्षिक संस्थाहरु तपशिल बमोजिम रहेका छन् ।

**नोटः उल्लेखित सूचनामा कुनै त्रुटी भएमा यसलाई सच्याउने सम्पूर्ण अधिकार प्रवेश परीक्षा समितिमा निहित रहनेछ ।**

**प्रवेश परीक्षा समिति**
**विज्ञान तथा प्रविधि संकाय**